

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ असार ३० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 14 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१६


## डा भट्टराईले झूटको खेती गरे –अध्यक्ष यादव

प्रस, वीरगंज, २९ असार/

जनता समाजवादी पार्टीको केन्द्रीय बैठक वीरगंजमा शुरू भएको छ। बैठकको उद्घाटन गर्दै अध्यक्ष उपेन्द्र यादवले डा बाबुराम भट्टराईले झूटको खेती गरेको आरोप लगाए ।




तस्वीर:प्रतीक

वीरगंजको नगर सभागृहमा आयोजित कार्यक्रममा अध्यक्ष यादवले डा भट्टराईले शुरूदेखि नै हस्ताक्षर सङ्कलन गर्ने र घरको न घाटको भएपछि पार्टी छाडेर हिंड्ने बानी रहेको आरोप लगाए। उनले माओवादीमा हुँदा प्रचण्डविरुद्ध हस्ताक्षर सङ्कलन गरेको र आफू अध्यक्ष हुन नसकेपछि पार्टी छाडेको आरोप लगाए।

उनले जसपाले बोकेको एजेन्डा सहन नसकेको कारण भट्टराई बाहिरिएको उनको भनाइ थियो। काठमाडौंमा बसेको बैठक पार्टीको होइन, डा भट्टराईको हो र त्यसमा जति सङ्ख्या देखाए पनि वीरगंजमा दुई तिहाइ केन्द्रीय समिति सदस्य, अधिकतम कार्यकारी सदस्यको उपस्थिति रहेको दाबी गरे ।

अध्यक्ष यादवले उत्पीडनविरुद्धको मुद्दा लिएर अगाडि बढेको जसपा कुनै हालतमा नछोड्ने तर डा भट्टराईले जातिवाद र क्षेत्रीयवादका मुद्दा नस्वीकार्ने भएपछि मतान्तर भएको बताए। पार्टीमा बस्दा सबै कुरा मान्ने तर बाहिर पार्टीको हितविपरीत काम गर्ने डा भट्टराई अहिले घरको न घाटको भएको यादवको भनाइ थियो । उनको मानसिक स्थिति बिग्रिसकेको र अहिले आएर विभिन्न दलसँग पार्टी एकता गर्ने भ्रमको खेती गरिरहेको आरोप लगाए । जसपाका बहुमत सदस्य वीरगंजको बैठकमा उपस्थित भएको र आधिकारिक बैठक भएको दाबी उनले गरे ।

कार्यक्रममा वरिष्ठ नेता अशोक राईले पार्टी अध्यक्ष यादव र भट्टराईबीच सहमति गराउन आफूले पटक–पटक पहल गरेको बताए। उनले जसपाको विधान अनुसार अध्यक्षले बोलाएको केन्द्रीय कमिटीको बैठक वीरगंजमा भएको र काठमाडौंको बैठक अवैधानिक भएको बताए। डा भट्टराईले भ्रमको खेती गर्दै समानान्तर समिति गठन गर्ने दाउमा रहेको उनले स्पष्ट पारे ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले सङ्घीयतालाई समाप्त गर्न अभियानको रूपमा एक समूह अगाडि बढेको बताए ।

उनले हिजो सङ्घीयता नचाहनेहरू आज प्रदेशको आवश्यकता छैन भन्दै एकताबद्ध भई अगाडि बढ्नेहरूविरुद्ध आवाज उठ्नुपर्ने बताए । वीरगंजमा बसेको बैठक नियमसङ्गत रहेको उनको भनाइ थियो ।

वन तथा वातावरण मन्त्री प्रदीप यादवले पार्टीभित्र भएका तीता–मीठा कुराहरू पार्टीभित्रै बसेर छलफल गर्नुपर्ने सुझाव दिए। उनले पार्टीका असन्तुष्ट पक्षले विभिन्न माध्यमबाट आफ्ना समस्या समाधान गर्न सक्ने भएपनि छुट्टै भेला गर्नु बेठीक भएको बताए।

स्वागत मन्तव्य दिंदै वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले जसपाभित्र विकासविरोधी नेताको रूपमा केही व्यक्तिहरू रहेको बताए । वीरगंजलगायत देशभरि हुने विकास निर्माणका कार्यहरूमा पार्टीका एक नेताले मुद्दा हालेर विकासविरोधी काम गरेकाले त्यस्ता व्यक्तिलाई कारबाई हुनुपर्ने माग गरे ।

कार्यक्रममा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री राजेन्द्रमान श्रेष्ठ, कार्यकारी सदस्य सुशीला श्रेष्ठ, शिवलाल थापामगर, रामसहाय यादव, रकम चेम्जोङ, युवराज कार्की, भौतिक पूर्वाधार मन्त्री इस्तियाक राई, गोविन्द चौधरी, सूर्यनारायण यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन मनीष सुमन र परशुराम बस्नेतले गरेका थिए।

## ग्रामीण क्षेत्रमा ऋण तिर्न नसकेर लुक्ने-भाग्ने क्रम बढ्दो

धर्मेन्द्र चौरसिया, पोखरिया, २९ असार/

पर्साको ग्रामीण क्षेत्रमा रहेका लुघवित्त बैंकहरूबाट ऋण लिएका ऋणीहरू अहिले ऋण तिर्न नसकेर भाग्ने, लुक्ने क्रम बढेको छ ।

लघुवित्त बैंकहरूले महिलाहरूलाई लक्षित गरेर पशुपालन र व्यवसायजन्य कार्यमा ऋण लगानी गर्दै आएका छन् । २५ जना महिलाको एउटा समूह र सो समूहमा पाँच/पाँच जना टोली बनाएर लघुवित्तले मासिक बैठक गर्ने र लगानी गर्दै आएको हो। अहिले लघुवित्तबाट ऋण लिएका ऋणीहरू विभिन्न कारणले ऋण चुक्ता गर्न नसक्दा भाग्ने, लुक्ने क्रम बढेको लघुवित्तका प्रमुखहरूले बताएका छन् ।

पोखरिया नगरपालिकामा रहेको स्वावलम्बन लघुवित्त बैंकका प्रमुख राजेन्द्र विश्वकर्माले ऋण चुक्ता गर्न नसक्नेहरू लुक्ने, भाग्ने गरेको बताए। उनले जुन प्रयोजनको लागि ऋण लिएको हो, सो प्रयोजनमा खर्च नगरेर अन्यत्र खर्च गर्दा ऋण तिर्न नसक्नु एउटा कारण हो भने, पहिलेको सहज अवस्था परिवर्तन भएर बेरोजगारी बढ्नु अर्को कारण भएको



लघुवित्त संस्थामा आबद्ध महिलाहरू । तस्वीर: प्रतीक

बताए । उनले लघुवित्तले परिवारको आयस्रोत हेरेर लगानी गर्ने गरेको तर पछिल्लो समयमा रोजगारका अवसरहरू गुम्दै परिवारमा चारजना कमाउनेमध्ये अहिले दुईजनाले मात्र कमाउँदा परिवारको आयस्रोत घटेर लिएको ऋण तिर्न नसकिरहेको बताए ।

जुन प्रयोजनको लागि ऋण लिएको हो, सोही प्रयोजनमा खर्च गर्नेहरूले सहजरूपमा ऋण तिरिरहेको तर ऋण लिएर छोराछोरीको बिहे, विद्यालयको शुल्क, वैदेशिक रोजगारमा पठाउने, साहु–महाजनको ऋण तिर्ने, जग्गा खरीद गर्नेहरूले भने ऋण तिर्न नसकेको उनको बुझाइ छ ।

यसैगरी, समूहमा रहेका महिलाहरूलाई ऋण लिएका व्यक्तिले नतिर्दा पनि समस्या भएको बताइन्छ । पाँचजना महिलाको समूहमा एकजनाले ऋण नतिर्दा सोको भार सबै समूहका सम्पूर्ण महिलाले बेहोर्नुपर्ने प्रावधान छ । जसले गर्दा समूहमा रहेका पाँचैजना महिलाले नै ऋण तिर्नको लागि एकअर्कालाई दबाब दिने गरेका छन् ।

पोखरिया बजारमा रहेका भाजा व्यवसायी अर्जुन चौरसियाले तीनवटा लघुवित्तबाट ऋण लिन लगाएका छन्। घरपरिवारका महिला सदस्यबाट उनले भाजा व्यवसायको लागि तीन लाख ऋण तीनवटा लघुवित्तबाट उठाए पनि सोही प्रयोजनमा खर्च नगरी मोटरसाइकल खरीद गरेको कारण समयमा किस्ता तिर्न सकेका छैनन्। जसले गर्दा अहिले उनलाई समस्या भइरहेको छ ।

पोखरिया बजारमैं पाडा र भैंसीको व्यापार गर्ने हीरो मियाँ अहिले लघुवित्तको ऋण तिर्न नसकेर लुकेर बसेका छन् । उनले पनि तीनवटा लघुवित्तबाट ऋण लिएका छन् । ऋण लिएका मियाँले पाडा, भैंसीको व्यवसायबाट आम्दानी हुन नसक्दा ऋण चुक्ता गर्न नसकेर भाग्नुपरेको बताए ।

नेशनल माइक्रो फाइनान्स लघुवित्तले पोखरिया, विन्ध्यवासिनीलगायतका बजारमा रहेका पसलहरूमा लगानी गरेको छ। एक वर्षको भाकामा पाँच लाखसम्म ऋण प्रवाह गरेको सो लघुवित्तलाई अहिले ऋण असुलीमा समस्या आइपरेको छ । एक वर्षको भाकाका ऋणहरू तीन/चार वर्ष नाघ्दा पनि ऋणीहरूले नतिरेको सो लघुवित्तले जानकारी गराएको छ ।

## २० लाखसहित दुईजना पक्राउ

प्रस,वीरगंज, २९ असार/

जिल्ला प्रहरी कार्यालय, पर्साले बीस लाख रकमसहित हुन्डी कारोबार गरेको अभियोगमा दुईजनालाई पक्राउ गरेको छ ।

मङ्गलवार प्रहरी चौकी इनर्वाले वीरगंज–१६ रजतजयन्ती चोकबाट रक्सौलबाट वीरगंजतर्फ आउँदै गरेको भारतीय नम्बरको मोटरसाइकल चेकजाँच गर्दा चालक भारत, बिहार, रक्सौल–२० बस्ने वर्ष २८ का सञ्जीत कुमारलाई नगदसहित पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ ।



नगदसहित पक्राउ परेकाहरू ।
तस्वीर सौजन्य: जिप्रका, पर्सा


सञ्जीतले खल्ती र कम्मरपेटीमा पटुका बाँधी तथा हेलमेटको भित्री भागमा लुकाएको नेरु २० लाख बरामद भएको प्रहरीले जनाएको छ। मोटरसाइकलको पछाडि बस्ने सोही ठाउँका २४ वर्षीय अनुराग मिश्रलाई पनि पक्राउ गरी दुवैजनालाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ विरुद्धको कसूरमा आज पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थमाएर अनुसन्धान अगाडि बढाइएको जिप्रका, पर्साले जनाएको छ ।

यसैगरी, भन्सार छलेर नेपाल ल्याएको चार लाख ७८ हजार मूल्य बराबरको कपडा र खाद्यान्न सामग्री प्रहरीले बरामद गरी वीरगंज भन्सार कार्यालय बुझाएको जिप्रका, पर्साले जनाएको छ ।

## रौतहटबाट दोहोरो नागरिकता लिएका पाठक परिवारको वीरगंजमा अकुत सम्पत्ति

प्रस, परवानीपुर, २९ असार/

अवैधरूपमा नेपाली नागरिकता लिएर एकजना भारतीय नागरिकले




वीरगंजमा करोडौंको अकुत सम्पत्ति जोडेका छन् ।


भारत, बिहार, पूर्वी चम्पारण जिल्ला अन्तर्गत रक्सौल, परेउवा–१ स्थायी घर भई आयुर्वेदिक चिकित्सक भनेर चिनिने डा देवेशचन्द्र पाठकको परिवारले वीरगंजमा करोडौंको सम्पत्ति जोडेको तथ्य फेला परेको छ ।

पाठकले जिल्ला प्रशासन कार्यालय, रौतहटबाट २०२५ असार २९ गते १६ वर्षको उमेर भनेर वंशजको नागरिकता लिएका थिए। उनको नेपाल र भारतमा दोहोरो नागरिकता फेला परेको छ ।

उनको परिवारका सदस्यले नेपाल र भारतमा हुने हरेक चुनावमा मतदान पनि गर्दै आएका छन्। र जग्गा, घर र आर्थिक कारोबार पनि गर्दै आएका छन्।

उनको नागरिकताको वैधानिकताको विषयमा जिल्ला प्रशासन कार्यालय, रौतहटमा उजूरीसमेत परेको छ ।

तर पैसा र पहुँचको आधारमा उनी



नेपालको कानूनबाट बच्दै आएको स्रोतको दाबी छ। उनका तीनजना छोरा छन्। जसमध्ये कान्छा छोरा रमेश पाठकले पनि इलाका प्रशासन कार्यालय, चन्द्रपुर, रौतहटबाट २०५७/०१/०९ गते वंशजको नागरिकता लिएको खुलेको छ ।

जिल्ला आयुर्वेद कार्यालय, पर्साको


(बाँकी पाँचौं पातामा)

## एउटै औषधिको खोलमा दुई प्रकारको म्याद

प्रस, वीरगंज, २९ असार/

वीरगंज–८ पानीटङ्कीस्थित आशाराम अस्पतालको दास मेडिकोले म्याद गुज्रिएको औषधि बिक्री गरेको प्रमाण फेला परेको छ ।

सो औषधिपसलबाट स्थानीय विनोद राणाले नातिको लागि खोकीको औषधि क्लैवम बिड ड्राइ सिरफ खरीद गरेका थिए। हिजो असार २८ गते उनले औषधि खरीद गरेको र घरमा नातिलाई खुवाउने क्रममा छोराले मिति हेर्दा औषधिको म्याद गुज्रिएको पाएको बताए ।




सो औषधिको खोलमा एकातर्फ उत्पादन मिति ०१/२०२१ र म्याद सकिने अवधि ०६/२०२२ लेखिएको छ तर औषधालयले अर्कोतर्फ उत्पादन मिति ११/२०२० र म्याद सकिने अवधि १०/२०२३ लेखेको छ । सो औषधिको खोलमा दुई प्रकारका ब्याच नम्बर छन्। एकातर्फ औषधिको म्याद गुज्रिएको देखिन्छ भने अर्कोतर्फ म्याद रहेको देखिन्छ।

यसबारेमा राणाले पसलेलाई जानकारी गराएपछि त्यहाँ रहेकी महिलाले बेवास्ता गरेको र कतै पनि उजूरी गर्न सक्ने भन्दै उल्टै धम्काएको राणाले बताए ।

## विचारसार एवं सूक्तिहरू

**कर्मको परिस्कार**- कृतज्ञ बन, प्रेममय व्यवहार गर, आफ्नो धारणा जाँच गर, आफ्नो प्रवृत्तिको निगरानी गर। क्षमा देऊ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५


email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# कसरी हुन्छ स्थितिमा सुधार ?

**यो कुरा त सरकारले पनि स्वीकार गरिसकेको छ कि देशमा मुद्रा सञ्चिति निरन्तर घट्दो छ । सबैलाई थाहा भएको कुरा के पनि हो भने नेपालले निर्यात गर्ने वस्तुको मूल्यको तुलनामा आयात गर्ने वस्तुको मूल्यमा १० गुणाभन्दा बढी अन्तर छ । निर्यात हुने वस्तुको परिणाम धेरै र मूल्य थोरै छ । आयातमा एउटा पेट्रोलियम पदार्थ मात्रको मूल्य सकल निर्यातको एकतिहाई छ । त्यसमा पनि सवारीसाधन आयात हुन्छ, सवारीसाधन चलाउने इन्धन आयात हुन्छ, सवारीसाधनमा लाग्ने पार्टपूर्जा पनि आयात नै गर्नुपर्छ । देशका सबै शहरहरूमा सवारीसाधनका जति शोरूम छन्, त्यति शायद तरकारीबजार पनि छैनन् । यसरी हेर्दा यस देशका शासक मात्र होइन, नागरिक पनि आडम्बरमा नै बाँचिरहेका देखिन्छन् । किनभने चालू आवमा ११ महीनाको मात्र व्यापार घाटा पौने सोह्र खर्बभन्दा बढी छ । मज्जको कुरो के छ भने यस अवधिमा पेट्रोलियम पदार्थको आयात मात्र ८१ प्रतिशतले वृद्धि भएको छ। यसरी बढेको इन्धनको आयात सरकारले चढेको वाहनमा खपत भएको हो कि जनताले, यस कुराको प्रस्टीकरण यी तथ्याङ्क उपलब्ध गराउने राष्ट्र बैंकले भने दिएको छैन ।**

**नेपाल सरकारको नीति जहिले पनि निहुरिमुन्टे हुन्छ । जुन कुराले देशलाई लाभ हुन्छ, वर्तमानमा थोरै सास्ती सहेर भविष्यमा सुखी बन्न सकिन्छ, त्यसको वास्ता नगरेर भविष्य बिग्रोस्–भत्कोस्, कामचलाउ वर्तमानमा सत्तामा बसेको बेला आफ्नो उँभो लागिहालोस् भन्ने नीति निर्माणमा दत्तचित्त रहन्छ । नीति ज्यादै गन्हायो भने कुनै बबुरो मन्त्रीलाई पर्सिदिए पुग्छ । मन्त्रालयहरूबीच तारतम्य मिलेको हुँदैन । एउटा मन्त्रालयले गर्न खोजेको काममा अर्को सरोकारवाला मन्त्रालयले निहुँ खोज्नु यहाँको चलन नै बनेको छ । सडक विभाग सडक बनाउन खोज्छ, वन विभाग रोक्छ । अहिले वर्षात्को बेला नेपालमा बिजुली फालाफाल हुन्छ, त्यसको खपत देशमैं गराउन सके पेट्रोलियम पदार्थको आयातमा निकै कमी आउँछ। बिचरा कुलमान घिसिङ विद्युत् खपत बढाउन न्वारानदेखिको बल लगाउँदैछन्, सरकार भने विद्युत्चालित सवारीसाधन भित्र्याउन फिटिक्कै मान्दैन। त्यतिमात्र होइन, कसैले निजी तवरमा आफ्नो सवारीसाधनको विद्युतीकरण गर्दछ भने पहिले यातायात व्यवस्था कार्यालयको अनुमति लिनुपर्छ। अनुमति मात्र होइन, फेरिएका पार्टपुर्जाको सूची पनि बुझाउनुपर्छ। अब कसले यति झमारो बोकोस्। बरु पेट्रोल नै हालेर सवारीसाधन किन नचलाउनु ?**

**यहाँ त नागरिकलाई पनि महँगी बढेको कुराको खासै चिन्ता नभएको जस्तो लाग्छ । खानेकुरादेखि यातायातको साधन सञ्चालन जतिसुकै महँगो होस्, कसैले ऐय्या–आत्थु गरेजस्तो लाग्दैन । सरकारले दुई सयसम्म पेट्रोलको भाउ बढाउँदा, सडक किनारमा ठडिएका सवारीसाधनहरूको सङ्ख्यामा कमी भएको देखिएन। जनताको क्रयशक्ति निकै बढेको कुरा यसबाट झल्किन्छ। तर नेपालको आयकरको तथ्याङ्क भने यसको ठीक विपरीत छ। आयकर उठतिको हिसाबले त नेपालमा गिनेचुनेका मानिसहरूसँग मात्र निजी सवारीसाधन हुनुपर्ने हो । यसरी नागरिकलाई सरकारको काम–कारबाईप्रति चासो नहुनु र सरकार नागरिकले के गरिरहेको छ वास्ता नगर्नुले देश उँभो लाग्ने अवस्था छैन। खासगरी सीमान्तकृतहरूको जीवनमा खुशियाली आउने छाँट देखिएन । र यो वर्ग आर्थिकरूपले उकासिएन भने जसले जति ध्वाँस लगाए पनि देशको अवस्था फेरिनेछैन ।**

# फेरि पनि आलङ्कारिक नहोस् न्यायिक समिति

अत्यन्त सीमित भए पनि, स्थानीय सरकारलाई विशेष अधिकार रहेको छ न्यायको । जननिर्वाचित उपप्रमुखको संयोजकत्वमा हुने न्यायिक समिति आफैंमा विशिष्ट प्रयोग हो। हुनत पहिलो कार्यकाललाई शिशु कार्यकाल मान्नेहरू पनि धेरै छन्। स्थानीय सरकार गठनको महत्त्व बुझ्दा नबुझ्दै कैयौं महीना वा वर्ष बितेको अनुभूति धेरैलाई भएको थियो। यही परिवेशमा न्यायिक समितिले पनि खासै केही गर्न नपाएको देखिएको थियो।

अहिले हरेक पालिकामा सरकार गठन भइसकेको छ। अधिकांश स्थानीय सरकारले अहिले बजेटको काम गरिरहेको छ । बजेटको काम भनेको बाँकी बक्यौता भुक्तानीको काम र आगामी वर्षको लागि बजेट विनियोजनको काम भइरहेको छ । आगामी वर्षको लागि एक वर्ष पूरा बाँकी रहेकोले केही समय पर्खेर गर्दा पनि हुन्छ तर अहिले भने बजेट नसकाई नहुने भएको अवस्था पनि रहेकोले अधिकांश पालिकाले बाँकी बजेटको काम गराउन, त्यो पनि सम्भव नभए उपभोक्ता समितिको नाममा रकम पठाएर र सम्भव भएसम्म उक्त खाता रोक्का गराएर भए पनि रकम फ्रिज हुनबाट जोगाउने र दुरूपयोग हुनबाट जोगाउने दोहोरो काममा लागेका छन्। कसरी कुन कुन शीर्षकको रकम एक दिनमा नै जोगाउन सकिन्छ भन्ने मूल ध्याउन्नमा अधिकांश पालिका रहेको घामझैं छर्लङ्ग छ।

एक किसिमले यो सही पनि हो । बजेट फ्रिज हुनुभन्दा बजेट जोगाउनु राम्रो हो । अहिले गठन भएको स्थानीय सरकारले बजेट खर्च गर्न पाएन भन्ने ठाउँ पनि छैन । वैशाखको अन्तिममा चुनाव भएको हो र असारमा आएर कतिपय पालिकाको कार्यपालिकाको चुनाव भएको छ। कार्यपालिकाको चुनाव नहुँदासम्म स्थानीय सरकारलाई पूर्ण भएको मान्न सकिन्न । यसरी कार्यपालिका गठन भएलगत्तै बजेट विनियोजनतिर ध्यान दिनुपरेको हो । यसैगरी पुराना बजेट कसरी चलाउने भन्ने विषयमा पनि खासै जानकार नहुनेलाई बजेटबारे बुझ्न पनि समय लाग्छ। कतिपय पालिकाले त पहिले नै खर्च गरिसकेको अवस्था पनि नसुनिएको होइन। अझ कतिपय पालिकाले त सबै बजेट खर्च गरिसकेर पालिकामाथि ऋणको भारी पनि थोपारेका छन्। यद्यपि नयाँ सरकार गठन भएपछिको समय

### स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**विपन्नभन्दा पनि विपन्नले पनि, जसको कोही छैन र केही छैन, सबैभन्दा नजीकको ठाउँ जहाँ न्यायको आशा गर्छ त्यो पालिका–न्याय हो, न्यायिक समिति हो । यस न्यायिक समितिलाई पालिका उपप्रमुखहरूले आफ्नो नैतिक दायित्वमा राखेर क्रियाशील बनाउनु न्यायोचित देखिन्छ ।**

भने निकै कम रहेको तर कम समयमा के के गर्ने–नगर्ने भन्ने सोच्ने समय नपाउने हुनाले जसरी हुन्छ बजेट जोगाएर केही दिनपछि नै सही, काम हुन्छ भने राम्रो हो।

स्थानीय सरकारले करीब पूर्णता पाइसकेको छ । अधिकांश स्थानीय सरकारले बजेट पनि निर्माण गरिसकेका छन् । अब बजेट कार्यान्वयन र सर्वसाधारणलाई सुशासन दिनुपरेको छ। अहिले प्रदेश सरकारको धेरै आलोचना भइरहेको छ। जति धेरै आलोचना प्रदेश सरकारको औचित्यको भइरहेको छ, त्यति स्थानीय सरकारको भइरहेको छैन। यसबाट यो स्पष्ट हुन आउँछ कि सर्वसाधारण नागरिकदेखि बौद्धिक व्यक्तित्व तथा राजनीतिज्ञहरू पनि स्थानीय सरकारप्रति असन्तुष्ट छैनन् । अब यहीं सन्तुष्टिमा रमाउने होइन कि झन् बढी जिम्मेवारीबोध गरी सुशासनको दिशामा अग्रसर हुनुपरेको छ र सुशासनको दिशामा अग्रसर हुने एउटा बाटो न्यायिक समितिको सार्थक सक्रियता पनि हो । न्यायिक समितिलाई सार्थक रूपमा सक्रिय बनाउन आवश्यक परेका स्थानीय ऐन तथा कानून र कार्यविधि पहिले निर्माण भएको हुनुपर्छ र यदि भएको छैन भने अविलम्ब निर्माण गरिनु आवश्यक छ । अहिलेको संरचनाले न्यायिक समितिको सर्वेसर्वा उपप्रमुखलाई बनाएर जनतालाई न्याय दिलाउने जिम्मेवारी दिएको छ। यसरी पालिका सरकारले बजेट बनाउने र कार्यान्वयन गर्ने मात्र होइन, आवश्यकता अनुसार कानून निर्माण गर्ने, कानून कार्यान्वयन गर्ने र न्याय सम्पादन गर्ने काम पनि गर्ने हो । एउटा पालिका भनेको आफैंमा व्यवस्थापिका र न्यायपालिकासहितको कार्यपालिका पनि हो। पालिकाको कुनै एक अङ्ग कमजोर हुँदा पालिका नै कमजोर देखिन्छ।

अहिले न्यायिक समितिको सक्रियता किन आवश्यक छ भने न्याय निरूपण हुने विश्वास भएको हरेक सरकारी कार्यालयमा मुद्दाको चाप धेरै छ। विवाद वा झमेला मिलाउने ठाउँमा पनि उत्तिकै भीड छ । उदाहरणको लागि जिल्ला प्रशासन कार्यालय, अदालत, प्रहरी कार्यालय आदिलाई लिन सकिन्छ। यस्ता अन्य कार्यालय पनि छन्, जहाँ मुद्दा मामिला धेरै पुग्ने गरेका छन्। न्यायिक समितिको सक्रियताले केही हदसम्म कम अवश्य हुन सक्छ। सबै किसिमको मुद्दा न्यायिक समितिले नै हेर्ने हो भन्ने होइन तर जे जति मुद्दा न्यायिक समितिले हेर्ने अधिकार राखेको छ, त्यसमा यदि सक्रिय हुने हो भने सम्बन्धित पालिकाको सम्मानमा वृद्धि हुन्छ, जनताको समय जोगिन्छ, पैसा जोगिन्छ, श्रम जोगिन्छ र सबैभन्दा महत्त्वपूर्ण कुरो त विश्वास जोगिन्छ । न्याय समितिमा पालिकाका सदस्य तथा वकील रहने हुनाले यो धेरै हदसम्म प्रभावकारी बन्ने सम्भावना देखिन्छ।

वकीलले प्रचलनमा रहेका कानूनको आधारमा न्यायिक समितिका प्रमुखलाई सल्लाह दिने र समितिमा रहेका जनप्रतिनिधिले सम्बन्धित मुद्दाको छानबीन गरी यथार्थ पत्ता लगाएर जानकारी दिने सम्भावना रहन्छ। यस्तो अवस्थामा न्याय त्यति ढिलो पनि हुँदैन र त्यति अवास्तविक पनि हुँदैन । जनताले छिटो न्याय पाउने तथा सही न्याय पाउने सम्भावना यसकारण बढी हुन्छ कि वादी र प्रतिवादी सबै परिचित हुन्छन्। कसले झूटो बोलेको हो भनी पत्ता लगाउन खासै गाह्रो हुन्न। दसी प्रमाणहरू पत्ता लगाउन खासै गाह्रो हुन्न । न्याय पाउने ठाउँ निकट हुन्छ । यसको अर्थ यो पनि हो कि मुद्दाको बहस चल्दाचल्दै पनि आवश्यकता परेमा सोझै विवादास्पद ठाउँमा नै न्यायिक समिति पुग्न सक्छ। वास्तविकता बुझ्न पनि सक्छ जसले न्यायिक समितिलाई गतिशील बनाउन सजिलो हुन्छ। न्याय विश्वसनीय हुन्छ। यसले अन्य निकायमा जाने मुद्दा मामिला केही हदसम्म भए पनि कम हुन सहयोग गर्दछ।

नेपालको संविधान जारी भएर पालिकामा न्यायिक समितिको अवधारणा आइसकेपछि यो दोस्रो कार्यकाल हो । पहिलो कार्यकालमा न्यायिक समितिलाई नबुझेर पनि धेरै काम हुन सकेको थिएन। अहिले अब पालिकाको अधिकार क्षेत्रबारे धेरै बुझेको पाइएको छ। अहिले नै निर्वाचित भएको धेरै महीना नबितेको भए पनि धेरै पालिकाले परिपक्व काम गरिरहेको देखिन्छ। काम गराइमा केही हतार होला, कतै केही परिणाममुखी काम मात्रै खोजेको हुनु अस्वाभाविक होइन तर यी सबैको उद्देश्य काम गर्न चाहेको भने अवश्य देखिन्छ । काम गर्न चाहनेको लागि स्थानीय सरकार निकै बलियो छ। यसैगरी न्यायिक अधिकार पनि पर्याप्त छ। हुनत न्यायिक अधिकार आलङ्कारिक मात्र हुँदा पनि समाजमा धेरै सम्मानको कुरा मानिन्छ। यो सम्मान अधिकारको रूपमा प्राप्त भइरहँदा भने आलङ्कारिक मात्र हुन दिनु भनेको अधिकारलाई खेर जान दिनु हो, कर्तव्यबाट पन्छिनु पनि हो। अधिकार र कर्तव्यको सन्तुलन सर्वसाधारणलाई न्याय दिलाउन हुनुपर्छ। एउटा विपन्नभन्दा पनि विपन्नले पनि, जसको कोही छैन र केही छैन, सबैभन्दा नजीकको ठाउँ जहाँ न्यायको आशा गर्छ त्यो पालिका–न्याय हो, न्यायिक समिति हो । यस न्यायिक समितिलाई पालिका उपप्रमुखहरूले आफ्नो नैतिक दायित्वमा राखेर क्रियाशील बनाउनु न्यायोचित देखिन्छ।

# सन्दर्भ २०९औं भानुजयन्ती : घाँसीकुवाको अस्तित्व मासिने अवस्थामा

–सानेबहादुर नेपाली
तनहुँ, २९ असार/रासस

भानुभक्त आचार्यलाई आदिकवि बनाउने प्रेरणादायी स्थल घाँसीकुवाको अस्तित्व मासिने खतरामा पुगेको छ। पृथ्वी राजमार्गको मुग्लिन–पोखरा सडकखण्ड विस्तार भइरहेकोले व्यास–१२ मा रहेको घाँसीकुवा र घाँसीपार्क मासिने अवस्थामा पुगेको हो।

प्राचीनकालदेखि संरक्षण गरिंदै आएको उक्त ऐतिहासिक सम्पदा सडक विस्तारसँगै हटाउनुपर्ने स्थिति सिर्जना भएकोले संरक्षणका लागि समयमैं ध्यान दिन स्थानीयवासीको माग छ।

भानुभक्त मामाघर मानहुँ (हालको व्यास–५) पुगेर पैदल बाटो फर्कने क्रममा घाँसीकुवामा घाँसीसँग भेट भएको थियो। घाँसीले घाँस काटेर आएको आम्दानीबाट कुवा खनाउने विचारबाट भानु प्रेरित भई यस्तो कविता रचना गरेका थिए–

भर्जन्म घाँसतिर मन दिई धन कमायो,
नाम क्यै रहोस् पछि भनेर कुवा खनायो।
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो,
म भानुभक्त धनी भैकन किन आज यस्तो।

हाल कुवा रहेको पारीपट्टि पोल्याङ गाउँमा बस्ने पन्थ थरका ब्राह्मणको बस्ती छ। कुवाको नजीक पन्थ बस्ती रहेकोले पन्थ नै घाँसी भएको अनुमान गर्न सकिने भानु घाँसी स्मारक पार्क संरक्षण समितिका सदस्य प्रेमप्रकाश भट्टराईले बताए।

पृथ्वी राजमार्ग फराकिलो बनाउने



भानुभक्तको शालिकमा माल्यार्पण गर्दै प्रधानमन्त्री शेरबहादुर देउवा। तस्वीर: रासस

क्रममा कुवापट्टि विस्तार गर्ने ठाउँको सट्टा कुवाको विपरीत बुल्दी खोला किनारको भागलाई उठाएर समथर बनाएर संरक्षण गर्न सकिने विकल्पबारे स्थानीयवासीले सुझाव दिँदै आएका छन्। पृथ्वी राजमार्ग विस्तार गर्ने क्रममा ऐतिहासिक कुवाको अस्तित्व मेटिने हुँदा संरक्षण गर्न आवश्यक पहल गर्नुपर्ने व्यास नगरपालिका–११ पोल्याङ घाँसीकुवा निवासी भोजराज पन्थले बताए। "जिजुबाजेदेखि जोगाउँदै आएको सम्पदा हो"–उनले भने–"भत्काएर इतिहास मेट्न हुँदैन, संरक्षणमा लाग्नुपर्छ।"

घाँसीको परिचय भानुभक्तले कतै उल्लेख नगर्दा पहिचानमा कठिनाइ भएको भानु–घाँसी स्मारक पार्क व्यवस्थापन समितिका अध्यक्ष तीर्थराज भट्टराई बताउँछन्। हाल घाँसीकुवा रहेको भन्दा २०० मिटर पर उत्तरतिर करीब १०० रोपनी सार्वजनिक जग्गामा स्थानीय बासिन्दाले भानुघाँसी उद्यान बनाउन दिने निर्णयसमेत भएको समितिका सदस्य प्रेम पन्थले जानकारी दिए।

घाँसीको सम्झना र सम्मानमा तनहुँको एउटा गाविसको नाम नै 'घाँसीकुवा' राखिएको थियो । अहिले यो गाविस व्यास नगरपालिकामा समायोजन भई व्यास–१२ कायम भएको छ। सदरमुकाम दमौलीबाट पूर्वतर्फ करीब पाँच किलोमिटरको दूरीमा घाँसीकुवा पर्दछ। कुवा नरहे भानुभक्तको पहिचानमा असर पर्ने र पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न नसकिने घाँसीकुवामा चमेनागृह सञ्चालन गर्दै आएकी लीलावती पन्थले बताइन्।

उक्त कुवा र उद्यान संरक्षणका लागि तीनवटै तहका सरकारले ध्यान दिनुपर्ने उनको सुझाव छ । चिनियाँ कम्पनीले पृथ्वी राजमार्ग अन्तर्गतको पोखरा–मुग्लिन सडकलाई तीन चरणमा विस्तार गर्ने क्रममा भित्ता खार्ने र खाल्टो पुर्ने कार्य गरिरहेको छ। चाइना एन्ड कम्युनिकेशनले उक्त सडक तीन चरणमा पूरा हुनेगरी योजना बनाएको छ। आँबुखैरेनीदेखि जामुनेसम्म, जामुनेदेखि पोखरा र आँबुखैरेनीदेखि मुग्लिनसम्म गरी तीन चरणमा सडक फराकिलो गरिरहेको छ।

मुग्लिनदेखि पोखरासम्म सडक फराकिलो पार्न चिनियाँ कम्पनीले ठेक्का पाएर निर्माण कार्य थालेको छ। सो कम्पनीले सडक फराकिलो गर्न रु ६ अर्ब १४ करोडमा ठेक्का सम्झौता गरेको हो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# गृह प्रशासनमा आधुनिक प्रविधिको प्रयोगदेखि अपराध नियन्त्रणका नयाँ योजनासम्म

काठमाडौं, २९ असार/रासस

प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको वर्तमान गठबन्धन सरकार गठन भएको ठीक एक वर्ष पूरा भएको छ।



गृहमन्त्री बालकृष्ण खाँण। तस्वीरः फाइल

सरकारले एक वर्षमा विगतमा अपनाइएका राम्रा कार्ययोजनालाई निरन्तरता दिंदै आवश्यकताका आधारमा नयाँ नीति, योजना तयार पारी लागू गरेको छ। सरकारले गृह प्रशासन सुधार गर्दै शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न तथा अपराधका नयाा शैलीका चुनौती सामना गर्न प्रविधिको प्रयोग र दक्ष सुरक्षा जनशक्तिको विकासमा जोड दिएको छ।

गृहमन्त्री बालकृष्ण खाँणले गृह प्रशासन सुधारदेखि अपराध नियन्त्रणसम्म आधुनिक प्रविधिको प्रयोग बढाउँदै नयाँनयाँ आपराधिक चुनौती सामनाका लागि दक्ष जनशक्ति तयार पार्ने कार्यतर्फ सरकारले ध्यान दिएको बताएका छन्। प्रविधिको विकाससँग नयाँ खालका आपराधिक क्रियाकलाप मुलुकमा देखिन थालेको छ। विदेशमा बसेरै नेपालमा आपराधिक गतिविधि सञ्चालन भएको पाइएको छ भने सामाजिक सञ्जालको दुरुपयोगबाट हुने आपराधिक क्रियाकलाप चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा सरकारको ध्यानाकर्षणसमेत भएको छ।

नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह पनि नयाँ आपराधिक चुनौती खडा भएकाले सोही अनुसार सुरक्षा योजना अघि बढाउनुपर्ने आवश्यकता स्वीकार गर्छन्। प्रहरी प्रधान कार्यालयका अनुसार आवश्यक स्रोत, साधन, जनशक्ति र प्रविधिको प्रयोगबाट सुरक्षा व्यवस्थापन गरिएको छ। हरेक क्षेत्रमा प्रविधिको विकासलाई जोड दिएसँगै गृह प्रशासनमा पनि लागू गरेको छ।

अधिकांश नागरिक सेवामा जोडिने गृह प्रशासनको सेवा/सुविधा चुस्त, भरपर्दो र नागरिक तथा प्रविधिमैत्री हुनुपर्ने आवश्यकता अनुरूप मन्त्रालयले प्रविधिको उच्चतम प्रयोग बढाएको छ। राष्ट्रिय महत्त्वका कार्यक्रम तथा विशिष्ट व्यक्तिको भ्रमणलाई भयरहितरूपमा सम्पन्न गर्न गृह प्रशासनको महत्त्वपूर्ण भूमिका हुन्छ। सीमित स्रोत र साधनको बावजूद गत वैशाख ३० मा एकैपटक सम्पन्न स्थानीय तहको निर्वाचन सुरक्षित र भयरहित वातावरणमा सम्पन्न हुनु महत्त्वपूर्ण उपलब्धिको रूपमा रहेको छ।

खुला कारागार नियमावली, कारागारका कैदीबन्दीलाई कामदारी सुविधा दिनेसम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा, आगामी वर्षदेखि कैदीबन्दीको बीमा कार्यक्रम लागू गर्नेलगायतका महत्त्वपूर्ण योजना मन्त्रालयले अघि बढाएको छ। लागूऔषध नियन्त्रण, आपराधिक गतिविधि नियन्त्रणदेखि तल्लो तहका प्रहरी कर्मचारीको सेवा सुविधाका साथै नयाँ पदसमेत सिर्जना गरी मन्त्रालयले मातहतका निकायको अभिभावकत्व ग्रहण गर्न सफल भएको पाइएको छ।

विपद् व्यवस्थापनदेखि, पर्यटकको सुरक्षा, कानून तथा फैसला कार्यान्वयनमा समेत महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। कतिपय कानून, निर्देशिक निर्माण र भइरहेका कानून समयानुकूल संशोधनमा सरकारको ध्यान गएको छ। आफ्नै तौरतरीकामा सञ्चालन हुँदै आएका उपचार तथा पुनर्स्थापन केन्द्रलाई गृह मन्त्रालयमा आबद्ध गराएको छ। मन्त्रालयको लागूऔषध शाखासँग आबद्ध नभएका लागूऔषध प्रयोगकर्ताको लागि सञ्चालित १९५ उपचार तथा पुनर्स्थापना केन्द्र मन्त्रालयमा आबद्ध गरिएको छ।

# बालविवाह नगर्ने, गर्न नदिने प्रण

प्रस, जनकपुरधाम, २९ असार/

जनकपुरधाम उपमहानगरपालिका–१४ स्थित श्री माध्यमिक विद्यालयका छात्रछात्राहरूले बालविवाह नगर्ने र कसैले गरेको खण्डमा रोक्ने प्रयास गर्ने प्रण लिएका छन्।

लाइफ नेपालले विद्यालयमा बुधवार आयोजना गरेको "बालविवाहविरुद्ध किशोरकिशोरीहरूको शपथग्रहण समारोह"मा सहभागी विद्यार्थीहरूले बालविवाह गर्दा विभिन्न प्रकारका शारीरिक, मानसिक तथा पारिवारिक हिंसा हुनुका साथै पठनपाठनमा पनि समस्या आउने गरेकाले बालविवाह गर्न नहुने बताए।

कार्यक्रममा संस्थाले छात्राहरूका लागि सेनेटरी प्याड वितरण गर्ने मेशिन, बालक्लबका छात्रालाई आवश्यक पर्ने सामग्रीसहितको बक्स तथा चार हजार मास्क प्रदान गरिएको लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले जानकारी दिए।

वडा नं १४ का अध्यक्ष पुण्यप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वप्रअ दिनेशचन्द्र झा, विद्यालयका पूर्व व्यसस अध्यक्ष हरिलाल राउतलगायतले मन्तव्य राखेका थिए।

# घरेलु मदिरा नष्ट

प्रस, सप्तरी, २९ असार/

इलाका प्रहरी कार्यालय, कञ्चनपुरले कञ्चनरूपबाट दुई हजार लिटर घरेलु मदिरा बरामद गरी नष्ट गरेको छ।

प्रहरी निरीक्षक रमेशकुमार तिमल्सिनाको कमान्डमा खटेको प्रहरीको टोलीले कञ्चनरूप नगरपालिका–८ बाट अवैधरूपमा सञ्चालित चारवटा रक्सीको भट्टीमा खानतलाशी गर्ने क्रममा सो परिमाणको घरेलु मदिरा बरामद गरेको हो। प्रहरीका अनुसार चारवटा रक्सी भट्टीबाट कच्चा पदार्थ ५०० लिटर, तयारी मदिरा २००० लिटर, स्टीलको भाँडो चारवटा, प्लास्टिकको भाँडो २० वटासमेत बरामद गरी नियन्त्रणमा लिएर नष्ट गरिएको छ।



**ब्रह्मबाबाको पूजाः** पर्सागढी नगरपालिका–४, बर्वाटाँडीमा स्थानीयवासी ब्रह्मबाबाको पूजाको लागि लिटी बनाउँदै। यो पूजा असार महीनाको शुरू अथवा मसान्तमा हुने गरेको पण्डित सञ्जय पाण्डेले बताए। गाउँभरिका मान्छे मिलेर पूजा गर्ने र प्रसादको रूपमा लिटी र खीर बनाएर ब्रह्मबाबालाई चढाउँदा गाउँमा सुखशान्ति हुने बताइन्छ। तस्वीरः नरेश यादव

# समाचार साभार गर्दा क्रेडिट नदिए कारबाही –काउन्सिल अध्यक्ष बस्नेत

भक्तपुर, २९ असार/रासस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले राससको समाचार साभार गरेर रासस उल्लेख नगर्ने पत्रपत्रिका कारबाहीमा पर्ने बताएका छन्।




कार्यक्रममा मन्तव्य व्यक्त गर्दै अध्यक्ष बस्नेत। तस्वीरः रासस

अध्यक्ष बस्नेतको नेतृत्वमा गोपाल बुढाथोकी, ठाकुरप्रसाद बेल्वासे, कायाएलयका मुख्य अधिकृत झविन्द्र भुसाललगायतको टोलीले भक्तपुरबाट प्रकाशित हुने पत्रपत्रिकाको अनुगमन गर्दै प्रकाशक तथा सम्पादकसँगको अन्तर्क्रिया कार्यक्रममा सम्पादकले आफ्ना पत्रिका हूबहू परेकाबारेमा राखेको जिज्ञासालाई मेट्दै उनले कुनै पनि समाचार कपीपेस्ट गर्ने परम्परा अहिले बढेकाले त्यसलाई रोक्न आग्रह गरे।

अध्यक्ष बस्नेतले भने, "राससको समाचार धेरैले कपी गर्ने गरेका छन्, राससका ग्राहक बनेका पत्रिकाले पनि राससको समाचार लिंदा क्रेडिट नदिई समाचार राख्ने गरेको पाइएको छ, यो गलत हो, राससका ग्राहक नभएकाले पनि कपीपेस्ट गर्ने गरेको पाइएको छ, त्यस्तो समाचार हूबहूमा पर्छ, त्यसैले राससको ग्राहक बनेर समाचार दिंदा राससलाई क्रेडिट दिनुस्, हूबहूमा पर्दैन।"

रासस र अन्य समाचार एजेन्सीको समाचार लिंदा क्रेडिट नदिई प्रकाशित गर्दा र अन्य सञ्चारमाध्यमका समाचारलाई कपीपेष्ट गर्दा हूबहूमा पर्ने गरेको पाइएको भन्दै उनले क्रेडिट नदिने र कपीपेष्ट भएका समाचार छापिंदा कारबाहीस्वरूप हूबहूमा परेको उनको भनाइ थियो।

अध्यक्ष बस्नेतले स्थानीयस्तरमा प्रकाशित पत्रिकाले खोजी समाचार, आफ्नै मौलिक समाचार प्रकाशित गर्नु आजको आवश्यकता रहेको औंल्याउँदै पत्रिका वर्गीकरणमा विवरण भर्दा हामी आफैंले आफैंलाई ढाट्ने गरेको बताए।

अहिलेको समयमा छापा सञ्चारमाध्यम जोगाउन मुश्किल परेको भन्दै उनले अनलाइनमा हिजो आएका समाचारलाई आज पत्रिकामा छाप्नुभन्दा नयाँ खोजी गर्नुपर्ने, पत्रकारिताको धार परिवर्तन गर्नुपर्ने, परिवर्तन र समृद्धिका विषय समाचारमा समेट्दै जानुपर्ने बताए।

नयाँ पुस्तालाई पत्रकारितामा ल्याउन नसक्नु, अध्ययन, तालीम कम हुनु, पत्रकारिताको मर्यादा र आचारसंहितालाई ख्याल नगर्नु समस्या रहेको भन्दै उनले स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई नै दिनुपर्ने गरी नेपाल पत्रकार महासङ्घले आवाज उठाउनुपर्नेमा जोड दिए।

खरीद ऐनमा स्थानीय विज्ञापन पनि राष्ट्रिय दैनिक पत्रिकामा दिनुपर्ने ऐनले स्थानीय पत्रपत्रिका मारमा परेको भन्दै अध्यक्ष बस्नेतले ऐन संशोधनका लागि काउन्सिलले पनि आवाज उठाउने बताए।

कार्यक्रममा काउन्सिलका बोर्ड सदस्य गोपाल बुढाथोकीले पत्रपत्रिकाले समाचारभन्दा धेरै विज्ञापन छाप्दा वर्गीकरणमा नम्बर घट्ने गरेको भन्दै वर्गीकरणका नियम पालना गरे समस्या नआउने बताए।

उनले लोक कल्याणकारी विज्ञापनको भुक्तानीमा १० प्रतिशत कर काट्नु गलत भएको बताउँदै यसलाई सच्याउन पत्रकार महासङ्घले आवाज उठाउनुपर्नेमा जोड दिए। अहिले कागजको मूल्य अत्यधिक बढेको र पत्रपत्रिका बचाउनै गाह्रो भएको अवस्थामा सरकारले १० प्रतिशत काट्ने काम बन्द गर्नुपर्ने औंल्याए।

काउन्सिलका अर्का बोर्ड सदस्य ठाकुरप्रसाद बेल्वासेले लोककल्याणकारी विज्ञापनका रूपमा दिंदै आएको अनुदानलाई रोकेर कागज खरीदमा अनुदान दिन सके पत्रिका प्रकाशनमा राहत मिल्ने बताए। यसका लागि सबैले आवाज उठाउनुपर्नेमा जोड दिंदै उनले स्थानीय विज्ञापन स्थानीय पत्रिकामैं रोकिनु पर्ने गरी ऐन संशोधन गर्न सके पत्रपत्रिका बाँच्न सक्ने उनले बताए। यसका लागि पत्रकार महासङ्घ स्थानीय सरकारसँग पनि लड्नुपर्नेमा उनले जोड दिए।

त्यस अवसरमा काउन्सिलका अधिकृत झविन्द्र भुसालले पत्रपत्रिका वर्गीकरणका आधारबारे प्रकाशक तथा सम्पादकलाई जानकारी गराएका थिए।

# जनकपुरको विद्यालयमा एक महीना बिदा

प्रस, जनकपुरधाम, २९ असार/

जनकपुरधाम उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा बुधवारदेखि एक महीना बिदा दिइएको शिक्षा शाखाले जनाएको छ। शिक्षा शाखा प्रमुख मेहीलाल यादवले सूचना जारी गर्दै उपमहानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा आजदेखि साउन २६ गतेसम्म वर्षे बिदा दिइएको बताए।

विद्यालयमा एक शैक्षिक सत्रमा हिउँदे बिदा र वर्षे बिदा दुवैगरी ४५ दिन पठनपाठन बन्द रहने व्यवस्था भए अनुसार सामुदायिक विद्यालयमा पालिकाको शैक्षिक क्यालेन्डरबमोजिम वर्षे बिदा दिइएको उनले बताए।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखा, सानोठिमी, भक्तपुरको पत्र अनुसार सबै विद्यालयका प्रधानाध्यापकलाई वर्षे बिदाभरि उपमहानगरपालिकाको सम्पर्कमा रहन भनिएको प्रमुख यादवद्वारा जारी सूचनामा उल्लेख छ।

विद्यालयका पूर्वनिर्धारित कार्यक्रम कक्षा ११ र १२ मा भर्ना तथा प्राविधिक शिक्षासम्बन्धी गतिविधि लगायतका कार्यक्रम यथावत् सञ्चालन रहने जनाइएको छ।

# चार प्रदेशमा भारी वर्षाको सम्भावना

काठमाडौं, २९ असार/रासस

देशभर सामान्य बदली रही चार प्रदेशमा भारी वर्षा हुने भएको छ।

मनसुनी प्रणालीको प्रभावले प्रदेश नं १ र वाग्मती प्रदेशका पहाडी भूभागलगायत गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका केही स्थानहरूमा र बाँकी भूभागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

साथै वाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावनासमेत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागले देशको प्रदेश नं १ र वाग्मती प्रदेशका पहाडी भूभागलगायत गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका केही स्थानमा तथा बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ।

वाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका एक/दुई स्थानहरूमा भारी वर्षाको समेत सम्भावना रहेकाले



तस्वीरः फाइल

पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनाका साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जनजीवन/यातायात क्षेत्रसमेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन विभागले सबैमा अनुरोध गरेको छ।

आज देशभर आंशिकदेखि सामान्य बदली भई वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ।

राति देशभर आंशिकदेखि सामान्य बदली भई देशका पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ।

# नगर प्रमुख यादवसहित सात जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर

सप्तरी, २९ असार/रासस

सप्तरीको राजविराज नगरपालिकाका नगर प्रमुख भीमराज यादवसहित सात जनाविरुद्ध बुधवार विशेष अदालत काठमाडौंमा भ्रष्टाचारको मुद्दा दायर गरिएको छ ।

राजविराजस्थित रङ्गशाला खेलमैदान स्तरोन्नति कार्यमा अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगर प्रमुख यादवसहित सात जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दर्ता गरेको आयोगले जनाएको छ । आर्थिक वर्ष २०७३र०७४ मा विनियोजित बजेट बराबरको काम नगरी निर्माण व्यवसायी, कर्मचारी र राजनीतिक दलका नेताहरूले अनियमितता गरी भ्रष्टाचार गरेको भन्दै उजुरी परेको थियो ।

नगर प्रमुखमा निर्वाचित हुनुअघि न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालकका रूपमा रहेका यादवमाथि अख्तियारले अभियोजन दायर गरेको हो । यादव ढुँटा व्यवसायी सङ्घ र निर्माण व्यवसायी सङ्घका पूर्व अध्यक्षसमेत हुन् । गत वैशाख ३० गते भएको स्थानीय निर्वाचनबाट यादव नगर प्रमुखमा निर्वाचित भएका हुन् । त्यसअघि यादवले ठेक्कापट्टा गर्दै आएका थिए । उनले र उदय निर्माण सेवाले रङ्गशाला निर्माणको जिम्मा लिएको थियो ।

जिल्ला खेलकुद विकास समिति र कन्स्ट्रक्सनहरूबीच सम्झौता भएको निर्माण कार्यमा आरोपितहरूले निर्धारित शर्त तथा मापदण्ड विपरीत कार्य गरेको आरोप छ । मापदण्ड विपरीत कार्यलाई गुणस्तरयुक्त, सर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित, स्वीकृत गराई बढी भुक्तानी लिएको अख्तियारले जनाएको छ । काम गरेको भन्दा बढी भुक्तानी लिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ ९४० बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा कन्स्ट्रक्सन र सञ्चालकहरूलाई कैद एवं जरिवाना कायम गरी हुनआएको बिगोसमेत जफत हुन मागदाबी लिइएको छ । अभियोजनमा न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालक यादवका हकमा रु दुई लाख ६३ हजार ४६८ बिगो कायम गरिएको छ ।

अख्तियारले जिल्ला खेलकुद विकास समितिका तत्कालीन अध्यक्ष एजेट न्यासुरविरुद्ध रु १३ लाख २७ हजार ४३०, तत्कालीन कार्यालय प्रमुख लक्ष्मण मण्डलविरुद्ध रु पाँच लाख ६९ हजार ८१० र मण्डल पछिका तत्कालीन कार्यालय प्रमुख महेन्द्रप्रसाद यादवविरुद्ध रु सात लाख ५७ हजार ६२० बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

न्यासुरले नापी किताब भुक्तानी बिल र कार्यसम्पादन प्रतिवेदन जाँच नगरी स्वीकृत गरेको तथा भए गरेको कुरा लुकाइछिपाई, नभए नगरेको कुरा देखाई बदनियतपूर्वक गलत प्रतिवेदन स्वीकृत गरी भुक्तानी गरेको आरोप छ ।

यसैगरी रङगशालाको स्तरोन्नति काममा अनियमितता गरेको भन्दै उदय निर्माण सेवाका सञ्चालक उदय श्रेष्ठलाई रु १० लाख ६३ हजार ९६२, जिल्ला विकास समितिका तत्कालीन इन्जिनियर विकास श्रेष्ठविरुद्ध रु १३ लाख २७ हजार ४३० र जिल्ला खेलकुद विकास समितिका तत्कालीन उपाध्यक्ष धीरेन्द्र वर्माविरुद्ध रु दुई लाख बिगो कायम गरी मुद्दा दर्ता गरिएको अख्तियारले जनाएको छ । बर्माले रु दुई लाख पेस्की लिएर फछ्र्यौट गर्न नसकेको अख्तियारले जनाएको छ । उनलाई पेस्की दिने तत्कालीन अध्यक्ष न्यासुर र तत्कालीन कार्यालय प्रमुख मण्डलविरुद्ध पनि उक्त रकम बिगो कायम गरी असुल उपर गर्न माग गरिएको छ ।

आरोपितहरूले निर्धारित शर्त तथा मापदण्ड विपरीतको कार्यलाई मापदण्डबमोजिम नै भएको भनी प्रमाणित वा स्वीकृत गरेको, फिल्डमा कम काम भएकोमा बढी काम भएको भनी नापी किताबमा मूल्याङ्कन गरी चढाएको तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको एवं निर्धारित शर्त तथा मापदण्डबमोजिम काम नगरी/नगराई गलत प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिस गरी सरकारी रकमको हिनामिना गरेको आरोप छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार दफा ३६ बमोजिम मुद्दा दायर भए मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहने कानूनी व्यवस्था छ ।

# यस्तो रह्यो नागरिकता विधेयक अघि बढाउन गृहमन्त्री खाणको प्रयास

काठमाडौं, २९ असार/रासस

लामो समयदेखि थाँती रहेको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक अघि बढाउन गृहमन्त्री बालकृष्ण खाणले महत्वपूर्ण प्रयास गरेका छन् ।

विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूलाई भेटेर विधेयक अघि बढाउने सन्दर्भमा उनले छलफल गरेका थिए । त्यसको परिणामस्वरूप पुरानो विधेयक फिर्ता लिएर सरकारले नयाँ विधेयक प्रतिनिधिसभामा आज पेश गरिसकेको छ ।

प्रतिनिधिसभामा गृहमन्त्री खाणले विधेयक पेश गरेका हुन् ।

गृहमन्त्री खाणले संविधानको प्रावधानबमोजिम नागरिकताविहीन नागरिकलाई नागरिकता सुनिश्चित गर्ने उद्देश्यले विधेयक ल्याइएको बताए । उनले पछिल्लो पटक नागरिकता विधेयक राज्यव्यवस्था तथा सुशासन समितिमा लामो छलफलपछि प्रतिवेदनसहित आएको र उक्त विधेकलाई अघि बढाउने तथा कानून बनाएर सहमतिबाट पारित गर्ने वातावरण बनाउन प्रयत्न गरिए पनि त्यो नभएपछि विधेयक फिर्ता भएको स्पष्ट पारेका छन् ।

सरकारले उक्त नयाँ विधेयक यही असार २५ गते शुक्रवार सङ्घीय संसद् सचिवालयमा दर्ता गराएको थियो । त्यसअघि सोही दिन सरकारले २०७५ साल साउन २२ गते प्रतिनिधिसभामा दर्ता गरिएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिएको थियो । जसलाई संसद्को राज्यव्यवस्था तथा सुशासन समितिले विसं २०७७ असार ९ गते प्रतिवेदनसहित प्रतिनिधिसभामा पेस गरेको थियो । त्यसबेला अङ्गीकृत नागरिकताको सवालमा दलबीच सहमति जुट्न सकेको थिएन । उक्त विषयमा गृहमन्त्री खाणको सहमति जुटाउने प्रयास असफल बनेको थियो ।

पुरानो विधेयक फिर्तापछि सरकारले नागरिकता विधेयक पेस गर्दैन भन्ने आशङ्काबीच अर्को विधेयक संसद्मा पेस गरिएको हो । उक्त विधेयकले अहिले देखिएको नागरिकता समस्यालाई मूलरूपमा सम्बोधन गर्ने सरकारको विश्वास छ ।

विधेयक पारित भए आमाबाबु नेपाली नागरिक हुँदाहुँदै पनि नागरिकता नपाएर सरकारबाट पाउने सेवा सुविधा लिन वञ्चित भएका लाखौं युवाले नागरिकता पाउने गृहमन्त्री खाणले बताएका छन् ।

नेपालको संविधान २०७२ ले गैरआवासीय नेपाली नागरिकलाई पनि राजनीतिक र प्रशासनिकबाहेकका सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ ।

सदनमा प्रस्तुत प्रस्तावित विधेयकमा सरकारले गैरआवासीय नेपालीलाई नागरिकता दिने भन्ने संवैधानिक प्रावधानलाई सम्बोधन गर्ने गृहमन्त्रालयले जनाएको छ ।

विधेयक ल्याउनुअघि गृहमन्त्री बालकृष्ण खाणले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका शीर्ष नेतासँग भेटवार्ता गरी सहमति जुटाउने प्रयास गरेका थिए ।

सरकारले संसदीय संसद्मा पेस गरेको 'नेपाली नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' बारे नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसँग दाहाल निवास ललितपुरको खुमलटारमा पुगेर भेटवार्ता गरेका थिए ।

उनले प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीसँग कानून, न्याय तथा संसदीय मामिलामन्त्रीसहित असार ३ मा बालकोटमा भेटवार्ता गरे ।

यस्तै नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पाटी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलगायतसँग समेत भेटवार्ता गर्नुभएको थियो ।

गत फागुन २५ मा पनि उहाँले गृह मन्त्रालयमा सङ्घीय संसद् प्रतिनिधित्व गर्ने दलहरूलाई बोलाएर छलफल गरेका थिए । छलफलमा तत्कालीन कानून, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडु, नेपाली काङ्ग्रेसकी सांसद पुष्पा भुसाल, नेकपा (एमाले)का सांसद कृष्णभक्त पोखरेल, नेकपा (माओवादी केन्द्र)का सांसद देवप्रसाद गुरुङ, नेकपा (एकीकृत समाजवादी)का सांसद जीवनराम श्रेष्ठ, लोकतान्त्रिक समाजवादी पाटीका सांसद लक्ष्मणलाल कर्ण, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, कानूनसचिव उदयराज सापकोटालगायतको सहभागिता थियो ।

उनले त्यसको दुई दिनअघि तत्कालीन कानून, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडु, नेपाली काङ्ग्रेसका सचेतक पुष्पा भुसाल, लोकतान्त्रिक समाजवादी पाटीका सांसद लक्ष्मणलाल कर्ण, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, कानूनसचिव उदयराज सापकोटालगायतसँग पनि छलफल गरेका थिए ।

# मल नपाउँदा सर्लाहीका किसानहरूलाई रोपाइँमा समस्या

सर्लाही, २९ असार/रासस

असार महिना सकिन लाग्दा सर्लाहीमा ४५ प्रतिशत मात्र धान रोपाइँ सकिएको छ । कृषि ज्ञान केन्द्र, सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहले विगत वर्षमा समयमा वर्षा नहुँदा रोपाइँ ढिलो हुने गरेको भएपनि यस वर्ष अलि छिटो भएको बताए ।

गत वर्ष यस बेलासम्म करीब ८० प्रतिशत बढी क्षेत्रफलमा किसानले धान रोपिसकेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । मल, सिंचाइलगायतका समस्याका कारण धान रोपाइँमा ढिलाइ भएको जिल्लाका किसानको गुनासो छ । नियमित पानी नपरेको कारण रोपाइँ गर्न समस्या भएको हरिवन नगरपालिका–२ का किसान रामपुकार महतोले बताए ।

धेरै किसानको खेतमा बीउ छिप्पिसक्दा पनि मलको अभावले समयमै धान रोप्ने काम शुरू नभएको रमेश अधिकारीले गुनासो गरे । मल कुर्दाकुर्दै धानको ब्याड बिग्रँदै गएको उनको भनाइ छ ।

केही किसानले भने महँगोमै भएपनि भारतीय रासायनिक मल किनेर धान रोपेका छन् । यसरी आएको मल बोराको रु दुई हजार २०० सम्ममा खरीद गर्नुपरेको किसानको गुनासो छ । मल ल्याउँदा सीमामा दुर्व्यवहारसमेत भोग्नुपरेको



तस्वीरः फाइल

किसान दीपेन्द्र महतोले गुनासो गरे ।

वाग्मती सिंचाइमा पानी ढिलोगरी सञ्चालन हुँदा पनि किसानले समयमा धान रोपाइँ गर्न नपाएको बताइएको छ । वाग्मती सिंचाइले मूल नहर मर्मत, सफाइ, नहरको ढोका निर्माण, मर्मतलगायतका काम स्थानीय निकायको निर्वाचनले गर्दा ढिलागरी ठेक्का लगाएको र काम ढिला सकिएकाले पानी सञ्चालनमा ढिलाइ भएको वाग्मती भूमिगत जलस्रोत सिंचाइ आयोजनाले जनाएको छ । सिंचाइले नहरमा गत मङ्गलवारबाट पानी छोडेको हो । पानी सञ्चालन भएपछि नहर नजीकैका किसानले धमाधम धान रोपाइँ शुरू गरेका छन् ।

यस वर्ष धान रोपाइँ ढिला भएकाले उत्पादनसमेतमा कमी हुने कृषि ज्ञान केन्द्र, सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले बताए ।

उनका अनुसार समयमै मल नपाउनु, वाग्मती नहरमा पानी समयमै नछाडिनुलगायतका कारण धान रोपाइँ ढिलो भएको र मौसमको समेत प्रभाव पर्ने भएकाले धान उत्पादन घट्न सक्नेछ ।

पम्पसेट तथा बोरिङको पानी लगाएर धान रोपाइँ गर्ने किसानसमेत दर्के पानीको पर्खाइमा छन् । जिल्लामा हरेक वर्ष ४६ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुँदै आएको कृषि ज्ञान केन्द्र, सर्लाहीले जनाएको छ ।

मधेस प्रदेशमा चैते र बर्खे दुवै मिलाएर वार्षिक १४ लाख १६ हजार ५८५ मेट्रिक टन धान उत्पादन हुने गरेको छ । यस प्रदेशमा चार लाख तीन हजार ६४९ हेक्टर खेतीयोग्य जग्गा रहेको कृषि ज्ञान केन्द्र, सर्लाहीको तथ्याङ्कमा उल्लेख छ ।

जिल्लाका किसानलाई मागेजति मल पुऱ्याउन नसकिएको कृषि सामग्री कम्पनी लिमिटेड शाखा सर्लाहीका प्रमुख दीपक थापामगरले बताए । उनका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन, सर्लाही शाखाले जिल्लाका किसानलाई मल तथा बीउबिजन उपलब्ध गराउँछन् ।

## फरक समाचार

# औषधीय गुणयुक्त कदम्बको रूख

रूख–बिरुवा प्राणी जीवनको आधार हो । रूखले व्यक्तिलाई लाभ मात्र पुऱ्याउँछ । केही रूख व्यक्तिको जीवनमा विशिष्ट महत्त्व राख्छ, यसैमध्ये एउटा हो कदम्बको रूख ।



कदम्बको रूखलाई देववृक्ष पनि भनिन्छ । कदम्बको रूख भगवान् श्रीकृष्णलाई निकै प्यारो थियो । यो यस्तो वृक्ष हो, जुन औषधीय गुणले युक्त छ र यसको प्रयोग विभिन्न प्रकारको स्वास्थ्य समस्यालाई हल गर्न सकिन्छ । यहाँसम्म कि आयुर्वेदमा पनि यसको प्रयोग औषधिको रूपमा गरिन्छ ।

**दुखाइमा आरामः** कदम्बको रूखको प्रयोग कुनै पनि दुखाइ अथवा सुन्निएको छ भने आयुर्वेदिक ओषधिको रूपमा गर्न सकिन्छ । यसको पात र बोक्रामा एनाल्जेसिक र एन्टि–इन्फ्लमेट्री गुण हुन्छ जसले दुखाइलाई शान्त गर्छ ।

छाला रोग उपचारको लागि यसको प्रयोग गर्न सकिन्छ । यस रूखको अर्कको उपयोग गरेर एउटा पेस्ट बनाउनुपर्छ जसले रोगाणुरोधी एजेन्टको रूपमा काम गर्छ । धेरै अध्ययनले यो पनि बताएको छ कि बिरुवाको अर्क थुप्रै ब्याक्टेरिया जस्तै स्टैफिलोकोकस ओरियस र कवकजस्ता कैन्डिडा अल्बिकन्स, ट्राइकोफाइटन रुब्रम र अन्य थुप्रै एस्परगिलस प्रजातिसँग लड्न सक्छ ।

**कलेजोको सुरक्षाः** कदम्बको रूख कलेजो रोगको लागि निकै राम्रो मानिन्छ । कदम्बको रूखमा क्लोरोजेनिक एसिड हुन्छ जुन एन्टि–हेपेटोटक्सिक प्रकृतिको हुन्छ । मुसामाथि गरिएको थुप्रै अध्ययनले साबित गरेको छ कि कदम्बको रूखको अर्क कलेजोको स्वास्थ्य सुधारको लागि निकै फाइदाजनक हुन्छ ।

**ब्लड सुगर नियन्त्रणः** यो रूखको जरा र बोक्रामा ब्लड सुगरविरोधी तत्त्व पाइन्छ । यसको पातमा मेथनोलिक हुन्छ, जसले बढेको रक्त शर्कराको स्तरलाई कम गर्छ । मधुमेहबाट पीडितहरूले यसको फल, फूल र जराको सेवन गर्दा लाभ पुग्छ ।

**क्यान्सरविरुद्ध कारगरः** कदम्बले एक प्रकारको एन्टिट्युमर एक्टिभिटी उत्पन्न गर्छ जसको उपयोग प्रोस्टेट क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र एसोफैगल क्यान्सरसहित थुप्रै प्रकारको क्यान्सर प्रबन्धनमा गरिन्छ । साथै यसको कोशिकाको विकासलाई सीमित गरेर त्यसको प्रसारलाई रोकेर रोगको उपचारमा मदत गर्छ । बिरुवामा कैयौं बायोएक्टिभ यौगिक हुन्छ, जुन किमोथेराप्युटिक एजेन्टहरूको समान कार्य गर्छ ।

**पाचन प्रक्रिया दुरुस्तः** कदम्बको रूख पाचनतन्त्रको लागि कुनै वरदानभन्दा कम छैन । पेटसम्बन्धी कुनै पनि समस्या जस्तै लुज मोशन, पेटमा ऐंठन र बान्ता लाग्छ भने त्यसमा यसले लाभ पुऱ्याउँछ ।

# कुन उमेरमा कति निद्रा आवश्यक

स्वस्थ जीवनको लागि मान्छेले प्रकृतिको नियम पालन गर्नुपर्छ । हामी सबैलाई थाहा छ जीवननमा आहार र निद्राजस्ता कर्मको पालना गर्नुपर्छ ।



निद्रालाई जीवनको सबैभन्दा ठूलो र राम्रो पोषक मानिन्छ । यसैले राम्रो र पर्याप्त निद्रा स्वस्थ जीवनको रहस्य हो । मान्छेलाई पर्याप्त निद्रा आवश्यक पर्छ तर ससाना बच्चाको लागि राम्रो निद्रा सुनिश्चित गर्न सबैभन्दा बढी जरूरी हुन्छ । सही प्रकारले निद्रा नआउँदा बच्चाको विकास र स्वास्थ्यमाथि नकारात्मक प्रभाव पर्छ र उनीहरूले स्वास्थ्यसम्बन्धी समस्या भोग्नुपर्छ । निद्रा नआएपछि बच्चाको स्वभाव चिडचिडा हुन्छ । पर्याप्त र राम्रो निद्राबाट बच्चा दिनभरि ऊर्जावान् रहन्छ र उसको एकाग्रता, सिक्ने क्षमता र स्मरणशक्ति पनि बढ्छ । यसबाट बच्चाको मानसिक र शारीरिक विकास राम्रो हुन्छ ।

**बच्चालाई कति घण्टा निद्रा चाहिन्छ ?** विशेषज्ञ अनुसार मान्छेको सुत्ने अवधि अलग–अलग हुन्छ, जुन उनीहरूको उमेरमाथि निर्भर गर्छ । अमेरिकन एकेडेमी अफ पिडियाट्रिक्स अनुसार जुन बच्चाको उमेर १ वर्ष वा सोभन्दा कम छ, उसले हरेक दिन कमसेकम १२ देखि १६ घण्टासम्म सुत्नुपर्छ । यस उमेरमा बच्चालाई पर्याप्त निद्रा उसको विकासको लागि जरुरी हुन्छ । जुन बच्चाको उमेर १ देखि २ वर्षसम्म हुन्छ, उसलाई लगभग ११ देखि १४ घण्टाको निद्रा पर्याप्त मानिन्छ । त्यस्तै तीनदेखि पाँच वर्ष उमेरका बच्चाहरूको लागि खेलकूदको साथसाथै लगभग दशदेखि १३ घण्टाको निद्रा चाहिन्छ ।

छदेखि १२ वर्ष उमेरका बच्चाहरू कैयौं प्रकारका मानसिक र शारीरिक कार्यमा निकै व्यस्त रहन्छन् । यसैले उनीहरूले हरेक दिन नौ देखि १२ घण्टा सुत्नुपर्छ । १३ देखि १८ वर्ष उमेरका बच्चा जब किशोरावस्थामा पुग्छन् उनीहरूलाई आठदेखि दश घण्टासम्मको निद्रा आवश्यक पर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्काका राष्ट्रपति माल्दिभ्समा

कोलम्बो, श्रीलङ्का, २९ असार/सिन्ह्वा

श्रीलङ्काका राष्ट्रपति गोटाबाया



राष्ट्रपति निवास परिसरमा सेल्फी लिंदै श्रीलङ्काली जनता। तस्वीरः एपी

राजापाक्ष बुधवार माल्दिभ्सको भेलाना अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका छन्।

माल्दिभियाली सञ्चारमाध्यमलाई उद्धृत गर्दै राष्ट्रपति गोटाबाया राजापाक्ष आफ्नी पत्नी र एक अङ्गरक्षकसँग एन्टोनोभ–३२ सैन्य विमानमा माल्दिभ्स गएको प्रधानमन्त्रीको कार्यालय स्रोतलाई उद्धृत गरी स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

राजपाक्षले सोमवार आफ्नो राजीनामापत्रमा हस्ताक्षर गरेका र उक्त राजीनामापत्र सभामुखलाई बुझाइने र राष्ट्रपतिको राजीनामाको औपचारिक घोषणा संसद्बाट गरिने कार्यक्रम रहेको प्रधानमन्त्रीको कार्यालयका एक अधिकारीले बताए।

यसैबीच, श्रीलङ्काका प्रधानमन्त्री रानिल विक्रमसिङ्घेले बुधवार आपत्कालीन अवस्थाको घोषणा गरेका छन्।

माल्दिभ्समा राष्ट्रपति गोटाबाया राजपाक्ष गएको खबरपछि सम्भावित हिंसात्मक गतिविधिलाई मध्यनजर गर्दै देशको पश्चिमी प्रान्तमा कर्फ्यू लगाइएको छ।

प्रधानमन्त्री विक्रमासिङ्घेको निवासबाहिर तैनाथ सुरक्षाकर्मीहरूले अश्रुग्याँस प्रयोग गरी प्रदर्शनकारीलाई तितरवितर पारेको समाचारहरूमा जनाइएको छ।

विक्रमासिङ्घेले दङ्गा मच्चाउनेहरूलाई गिरफ्तार गर्ने ठाडो आदेश पनि दिएको श्रीलङ्काको डेली मिरर पत्रिकाले जनाएको छ।

श्रीलङ्काको विदेश मन्त्रालयका एक पूर्वसल्लाहकारले भने, "हामी प्रधानमन्त्रीको पनि राजीनामा चाहन्छौं, किनकि राष्ट्रपतिले राजीनामा दिएमा हाम्रो संविधान अनुसार प्रधानमन्त्री कार्यवाहक राष्ट्रपति बन्नेछन्।

जनताले उनीहरू दुवै असफल भएको देखिसकेको छ। उनीहरू दुवै पदच्युत हुनुको विकल्प छैन।"

**श्रीलङ्काको प्रधानमन्त्री विक्रमासिङ्घे कार्यवाहक राष्ट्रपति नियुक्त –सभामुख**

श्रीलङ्काका प्रधानमन्त्री रनिल विक्रमासिङ्घेलाई कार्यवाहक राष्ट्रपतिमा नियुक्त गरिएको यहाँको संसद्का सभामुखले बुधवार संसद्लाई जानकारी गराएका छन्।

संविधानको धारा ३७ को १ अन्तर्गत राष्ट्रपति गोटाबाय राजापाक्षले प्रधानमन्त्री विक्रमासिङ्घेलाई नियुक्त गरेको जानकारी आफूलाई गराएको सभामुख महिन्दा यापा अवेयवार्देनाले बताएका छन्।

यसबारे राजापाक्ष आफैंले कुनै सार्वजनिक घोषणा भने गरेका छैनन्। राष्ट्रपतिको कार्यालय प्रदर्शनकारीले कब्जा गरेपछि केही दिनदेखि सबै सरकारी निर्णय तथा घोषणाहरू सभामुख र प्रधानमन्त्री कार्यालयबाट हुँदै आएका छन्। रासस

## कन्जरभेटिभ नेताको निर्वाचनका लागि आठजना उम्मेदवार प्रतिस्पर्धामा

बेलायत, २९ असार/एएनआई

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनको राजीनामापछि रिक्त कन्जरभेटिभ पार्टीको नेताको निर्वाचनका लागि आठ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिने भएका छन्।



बेलायतका प्रधानमन्त्री बोरिस जोनसन। तस्वीरः एएफपी

पूर्व स्वास्थ्यमन्त्री साजिद जाविद र अन्य दुई मन्त्रीहरू रहमान चिश्ती र ग्राण्ड शाप्स भने प्रतियोगिताबाट बाहिरिने निर्णय गरेका छ।

पहिलो चरणको प्रतिस्पर्धामा सबैसँग कम्तीमा २० जनाको समर्थन रहेकोले सबै प्रतिस्पर्धाका लागि योग्य मानिएका छन्।

टोरी पार्टीको नेताको उम्मेदवारीका लागि दर्ता प्रक्रिया पूरा भई स्थानीय समय अनुसार साँझ छ बजे समाप्त भएको छ।

मतदानको पहिलो चरणमा प्रवेश गर्न सफल सम्भावित दाबेदारहरूमा पूर्व मन्त्रीहरू ऋषि सुनाक, लिज ट्रस, नाधिम जाहवी, जेरेमी हन्ट, पेनी मोर्डनट, हाउस अफ कमन्सका अध्यक्ष टम टुजेन्हाट, इंग्ल्याण्ड र वेल्सका महान्यायाधिवक्ता सुएला ब्रेभरम्यान र समानताका लागि भूतपूर्व राज्य मन्त्री केमी बाडेनोक देखिएका रूसी समाचार संस्था स्पुत्निकले जनाएको छ।

पहिलो मतदानमा ३० जना सांसदको समर्थन सुरक्षित गर्न नसकेका कुनै पनि उम्मेदवारहरू दोस्रो चरको प्रतिस्पर्धामा सहभागी हुन पाउने छैनन्। रासस

## मलेशियामा २३ सयभन्दा बढी सङ्क्रमित

क्वालालम्पुर, २९ असार/सिन्ह्वा

मलेशियामा मङ्गलवार दुई हजार ३४५ जनामा कोभिड–१९ सङ्क्रमण पुष्टि भएको छ। योसँगै कोरोना शुरू भएदेखि हालसम्म कोभिड सङ्क्रमितको सङ्ख्या ४६ लाख ७३६ पुगेको स्वास्थ्य मन्त्रालयले बुधवार जनाएको छ।

त्यहाँ तीनजना बाहिरबाट आएका व्यक्तिमा कोरोना देखिएको हो भने, तीन हजार ३४२ जना स्थानीय व्यक्ति नै रहेका मन्त्रालयले जारी गरेको तथ्याङ्कले जनाएको छ।

मङ्गलवार कोरोना सङ्क्रमणको कारण तीनजनाको मृत्यु भएको छ। कोरोना सङ्क्रमणको कारण मलेशियामा हालसम्म ३५ हजार ८१९ जनाको मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका अनुसार गएको २४ घण्टामा दुई हजार ३८४ जना कोरोना मुक्त भएका छन्। कोरोना महामारी शुरू भएयता हालसम्म ४५ लाख २९ हजार २०१ जना कोरोना सङ्क्रमणबाट निको भएको पनि मन्त्रालयले थप जानकारी दिएको छ। रासस


### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**


### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – प्रगति |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – शत्रुपराजय | कन्या – ज्ञानोदय |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनलाभ | मकर – भाग्योदय |
| कुम्भ – बेचैनी | मीन – प्रसन्नता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## पर्यटीय विकास गर्दा वातावरणीय सन्तुलन राख्नु उचित –नेता नेपाल

प्रस, गरुडा, २९ असार/

नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार





नेपालले सङ्घ, प्रदेश र स्थानीय सरकार मिलेर पर्यटन तथा संस्कृतिको विकास गर्नुपर्ने बताएका छन्।

बुधवार गृह जिल्ला रौतहटको राजदेवी, गौर र गरुडामा पर्यटकीय सम्भावनाका क्षेत्रहरूको स्थलगत अवलोकनपछि पूर्वप्रधानमन्त्री नेपालले संस्कृति तथा पर्यटन मन्त्रालयमा आफ्नै पार्टीको मन्त्री रहेकाले काम गर्न सजिलो हुने बताएका छन्।

नेता नेपालले पर्यटकीय विकास र वातावरणको अन्योन्याश्रित सम्बन्ध हुनुपर्ने बताउँदै विकास गर्दा वातावरणीय सन्तुलन राख्नु उचित हुने बताए।

गरुडास्थित लमाहा ब्यारेजस्थित पर्यटकीय सम्भावना बोकेको झाँझ र लमाहा खोलाको सङ्गमस्थलको अवलोकन गर्दै नेता नेपालले नगरपालिका, प्रदेश सरकार र संस्कृति तथा पर्यटन मन्त्रालय मिलेर राजदेवी, गौर तथा गरुडाको दीर्घकालीन विकास गर्ने गर्नुपर्ने बताएका छन्।

पर्यटकीय क्षेत्रको निर्माण गर्दा वातावरणलाई ध्यान दिन नेता नेपालले आग्रह गर्दै रूखबिरुवालाई जोगाएर हरियाली बचाउनुपर्ने पनि बताएका छन्।

हरियाली जोगाएर पर्यटकीय क्षेत्रको निर्माण गर्दा एकातिर रोजगारमा वृद्धि भई आर्थिक समृद्ध आउने हुन्छ भने अर्कोतिर ठाउँको पनि पहिचान कायम हुन्छ भन्दै नेता नेपालले सबै तह मिलेर विकास गर्दा सबैको स्वामित्व हुने धारणा पनि राखेका छन्।

नेता नेपालले गृह जिल्ला रौतहटको गौर, राजदेवी, गरुडा तथा चन्द्रपुरमा पार्टीका नेता तथा कार्यकर्ताहरूसित छलफल गरेका छन् भने सर्वसाधारण नागरिकको गुनासो पनि सुनेका छन्।

## चुरे संरक्षण अभियानद्वारा झाडु जुलूस

प्रस, जनकपुरधाम, २९ असार/

चुरे तथा वनजङ्गल संरक्षण अभियान समितिले बुधवार जनकपुरमा झाडु बोकेर विरोध गरेका छन्।

चुरे जोगाउनुपर्ने माग गर्दै प्रदर्शनकारीहरूले रेलवे स्टेशनबाट झाडु जुलूस शुरू गरी विभिन्न चोकको परिक्रमा गरेका थिए। अभियानका संयोजक सुनीलकुमार यादवले सुकुमबासीको नाउँमा गलत व्यक्तिले चुरे तथा वनजङ्गलको जग्गा अतिक्रमण गरिरहेको बताए। उनले वास्तविक भूमिहीनलाई जग्गा दिलाउनुपर्ने र चुरे संरक्षण गर्नुपर्ने माग गरे। अभियानका प्रतिनिधिहरू २०७८ भदौमा अनशन बसेका थिए। सोही क्रममा प्रदेश सरकारले भदौ ४ गते तीन बुँदे सम्झौता गरेको थियो। सरकारले गरेको सम्झौता अविलम्ब सार्वजनिक गरी कार्यान्वयन गर्नुपर्ने, मधेसका भूमिहीन दलित र सुकुमबासीलाई जग्गा उपलब्ध गराउनुपर्ने माग पुनः अभियानले अगाडि सारेको छ। मङ्गलवार उनीहरूले लालटेन जुलूस निकालेर सरकारविरुद्ध प्रदर्शन गरेका थिए। बिहीवार जनकपुरधाम बन्द गर्ने कार्यक्रम घोषणा गरेको छ।

## कुखुरा र खसी बरामद

प्रस, भिस्वा, २९ असार/

सशस्त्र प्रहरीले भारतबाट भित्रिएको कुखुरा र खसी बरामद गरेको छ।

कुखुरा आयातमा सरकारले प्रतिबन्ध लगाएको कारण सशस्त्र प्रहरीले गाडेर नष्ट गरेको छ भने खसी





भिस्वा बिओपीका सशस्त्र प्रहरी निरीक्षक हरि विष्ट नेतृत्वको टोलीले भारतबाट भित्रिएको बोइलर कुखुरा १७ थान र तीनवटा खसी बरामद गरेको हो।

क्वारेन्टाइन गरेर भित्र्याउनुपर्नेमा सो प्रक्रिया पूरा नगरेको कारण वीरगंज भन्सार कार्यालय पठाइएको सप्रनि विष्टले बताए।


सिम्रौनगढ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा
मधेसप्रदेश

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०३/३०

सुरक्षित आप्रवासन सामी नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय परियोजना श्रम रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरूको नेतृत्वमा सञ्चालित सिम्रौनगढ नगरपालिकामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत उपकेन्द्र सञ्चालन गर्न तथा वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरू सञ्चालन गर्नका लागि जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरूबाट विभिन्न पदका लागि दरखास्त आह्वान गरिएको छ। यसका विस्तृत विवरण सिम्रौनगढ नपाको वेबसाइटमा राखिएको छ।

website :– www.simraungadhmun.gov.np


### रौतहटबाट दोहोरो नागरिकता....

प्रमुखको जिम्मेवारी पनि सम्हालिसकेका डा पाठककी पत्नी पनि भारतीय नागरिक भएको र उनले पनि नेपाली नागरिकता लिइसकेको बुझिएको छ।

बिहार, मुजफ्फरपुर जिल्ला, थाना मीनपुरा, मथुरा डिहकी उर्मिला पाठकको नाममा पनि नेपाल र भारतमा करोडौंको सम्पत्ति रहेको बुझिएको छ।

डा पाठककी माइली बुहारी डा राधिका रानु पाठकको पनि नेपाली नागरिकता रहेको बुझिएको छ। उनको घर भारत, बिहार, दरभङ्गा जिल्लाको सहरसा हो। उनी हाल वीरगंजको नगवास्थित स्वास्थ्य चौकीमा आयुर्वेदिक चिकित्सकको रूपमा कार्यरत छिन्। पाठक परिवारले नेपाल र भारतमा करोडौंको सम्पत्ति जोडेको स्रोतले बताएको छ।

वीरगंज–१० प्रगतिनगर, स्वीमिङ पुलको छेउमा २२ धुर जग्गामा चार तले घर, उक्त घरमा चन्द्र आयुर्वेद प्रालि कारखाना सञ्चालनमा रहेको छ भने घरको छेउमैं थप १० धुर जग्गा पनि खरीद गरेका छन्।

उक्त जग्गा र घर करीब डेढ करोडको रहेको बुझिएको छ। त्यसैगरी, रक्सौलमा पनि सो परिवारको घर रहेको बुझिएको छ।

डा पाठकका जेठा छोरा सन्तोषकुमार पाठक वीरगंजकै एक औद्योगिक प्रतिष्ठानमा काम गर्छन् भने माइला छोरा आशुतोषकुमार पाठक सिमराको होटलमा कार्यरत छन्।

कान्छा छोरा रमेश पाठक पछिल्लो समय नारायणघाटको एक होटलमा सेल्स तथा मार्केटिङ पदमा कार्यरत थिए। उक्त परिवारको माईस्थानमा पुरानो सहारा आयुर्वेदिक पसल पनि सञ्चालनमा रहेको छ।

नागरिकताको विषयमा छानबीन हुँदा उक्त परिवार रक्सौलमा गएर शरण लिने गरेको र छानबीन साम्य भएपछि पुनः वीरगंज फर्केर आफ्नो कारोबार गरेर प्रशासनलाई झुक्याउने गरेको छ।

# एक करोडको मदिरापसल सञ्चालनमा

प्रस, परवानीपुर, २९ असार/

वीरगंजमा एक करोडको लागतमा मदिरापसल सञ्चालनमा आएको छ। सञ्चालित टिबडेवाल इम्पेक्सका सञ्चालक दीपक टिबडेवालले टिबडेवाल लिकर्स नामले अर्को मदिरापसल सञ्चालनमा ल्याएका हुन्।


तस्वीर: प्रतीक

वीरगंज बिर्तास्थित राजभण्डारी कम्प्लेक्सको भुइँतलामा सुविधासम्पन्न मदिरापसल सञ्चालनमा आएको हो। ३० वर्षदेखि वीरगंजको आदर्शनगरस्थित राष्ट्रिय वाणिज्य बैंक भवनको भुइँतलामा सञ्चालित टिबडेवाल इम्पेक्सका सञ्चालक दीपक टिबडेवालले टिबडेवाल लिकर्स नामले अर्को मदिरापसल सञ्चालनमा ल्याएका हुन्।

उक्त पसलमा स्वदेशी र विदेशी मदिराका हरेक ब्रान्ड सँगसँगै चीसो पेय पदार्थ राखिएको टिबडेवालले बताए। बिहारमा मदिरा प्रतिबन्ध भएपछि वीरगंजका होटल तथा रेन्टुरेन्टहरूमा मदिराको बिक्री ह्वात्तै बढेको छ। बिहेवारीको लगनमा बिहारबाट दर्जनौं जन्ती वीरगंज आउने भएकाले बजारको मागलाई मध्यनजर गर्दै हरेक ब्रान्डका मदिरा सहजै उपलब्ध होस् भनी सुविधासम्पन्न पसल खोलेको सञ्चालक टिबडेवालले बताए।

# खेलकूदको संसार

## एकदिवसीय वरीयतामा नेपाल यथावत् रहन सफल

काठमाडौं, २९ असार/रासस

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले बुधवार सार्वजनिक गरेको एकदिवसीय नयाँ वरीयतामा नेपाल यथावत् रहेको छ।

आइसिसीले सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल १९औं स्थानमा यथावत् रहेको हो। अघिल्लो वरीयतामा पनि नेपाल १९औं स्थानमा रहेको थियो। एकदिवसीय वरीयतामा न्युजिल्यान्ड शीर्ष स्थानमा रहेको छ भने इङल्यान्ड दोस्रो तथा भारत तेस्रो स्थानमा छन्।

त्यसैगरी, पाकिस्तान चौथो स्थानमा छ भने अस्ट्रेलिया पाँचौं स्थानमा रहेको छ। दक्षिण अफ्रिका छैटौं, बङ्गलादेश सातौं, श्रीलङ्का आठौं, वेस्ट इन्डिज नवौं र अफगानिस्थान दशौं स्थानमा छन्।

## नेपालबाट स्कटल्यान्ड पराजित

काठमाडौं, २९ असार/रासस

स्कटल्याण्डमा जारी आईसीसी पुरुष विश्वकप लिग दुई अन्तर्गतको त्रिकोणात्मक सिरिजमा स्कटल्यान्ड नेपालबाट पराजित भएको छ।



तस्वीर सौजन्य : क्यान

स्कटल्यान्डको ग्लास्गोस्थित टिटउड क्रिकेट मैदान नेपालले टस जितेपछि पहिले ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले ४२.५ ओभरमा सबै विकेट गुमाउँदै १४४ रन बनायो।

स्कटल्यान्डका लागि गाभिन मेनले अविजित रहँदै सर्वाधिक ६४ रनको अर्धशतकीय इनिङ खेले। मार्क वाटले १७ तथा साफ्यान शारिफले १६ रन जोडे। कलुम म्याकलोडले १३ रन जोड्दा अन्य खेलाडीले दोहोरो अङ्क जोड्न सकेनन्।

बलिङतर्फ नेपालका सोमपाल कामी र आदिल आलमले उत्कृष्ट बलिङ गरे। सोमपाल र आदिलले समान ३/३ विकेट लिए भने कप्तान सन्दीप लामिछानेले २ विकेट हात पारे। त्यस्तै करण केसी र दीपेन्द्रसिंह ऐरीले १/१ विकेट लिए।

लक्ष्यलाई पूरा गर्न नेपालले ब्याटिङ गर्दा ५ विकेटको नोक्सानीमा नेपाल सो लक्ष्य पूरा गरि विजयी भएको छ।

नेपाल तर्फबाट आसीफ शेखले सबै भन्दा बढी ७१ रन बनाएका थिए। नेपाल पहिलो खेलमा नामिबियासँग ४० रनले पराजित भएको थियो। यता स्कटल्यान्ड जारी प्रतियोगितामा लगातार दोस्रो जितको खोजीमा रहेको छ। पहिलो खेलमा स्कटल्यान्डले नामिबियालाई ७७ रनले पराजित गरेको थियो।

लिग दुई को अङ्क तालिकामा नेपाल १७ खेलमा १५ अङ्क जोडेर छैटौं स्थानमा रहेको छ। नेपालले ७ खेलमा जित निकाल्दा एक खेल 'टाइ' र नौ खेलमा पराजय बेहोरेको थियो। स्कटल्यान्ड २१ खेलमा ३० अङ्क जोडेर दोस्रो स्थानमा रहेको छ।

# प्रनि राईको सम्मानमा फेरि भेटौंला कार्यक्रम

प्रस, सेढवा, २९ असार/

सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट, जीराभवानीले बुधवार फेरि भेटौंला कार्यक्रम सम्पन्न गरेको छ। सशस्त्र प्रहरी निरीक्षक केदार राईको १८ महीनाको सफल कार्यकालपछि फ्रेन्च भाषाको प्रशिक्षणमा छनोट भई जाने क्रममा सो कार्यक्रम आयोजन गरिएको थियो।


तस्वीर: प्रतीक

कार्यक्रममा वक्ताहरूले सप्रनि राईले जीराभवानी गाउँपालिका तथा कार्यक्षेत्रमा गरेको शान्ति सुरक्षा व्यवस्था तथा सीमा सुरक्षाको सराहना गरेका थिए।

कार्यक्रममा राज्यले दिएको पदीय जिम्मेवारीको साथसाथै सामाजिक तथा मानवीय सेवामा ठूलो भूमिका निर्वाह गरेका राईलाई सम्मान गरिएको थियो।

सप्रनि राईले लकडाउनको समयमा अतिविपन्न तथा बाढीपीडित र शीतलहरको समयमा गरीबलाई खुलेर सहयोग गरेकाले यस क्षेत्रका नागरिकले सधैं सम्झिरहने वक्ताहरूले बताए।

राईले गरीबको घर निर्माण गर्नेदेखि लिएर निश्शुल्क स्वास्थ्य शिविर आयोजना गरी सामाजिक क्रियाकलापमा निरन्तर सहभागी हुने गरेको वक्ताहरूले बताए।

कार्यक्रममा प्रदेशसभा सदस्य शङ्कर चौधरी, संविधानसभा सदस्य जयप्रकाश थारू, गाउँपालिका अध्यक्ष अनोज चौधरी, गाउँपालिककी पूर्वउपाध्यक्ष उषादेवी थरुनी, वडाध्यक्ष रामशरण खवास, महादेवमहतो थारू, सुरज राय थारू, दारा सिंह राउत थारू, सञ्चारकर्मी राजेन्द्र सिंह राजपूत, सामाजिक अभियन्ता प्रकाश थारू, रामाकान्त चौधरी, नेपाल शिक्षक महासङ्घ, जीराभवानीका अध्यक्ष कृपासिन्धु पटवारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# ठोरीका विद्यार्थीहरूको आँखा परीक्षण

प्रस, ठोरी, २९ असार/

ठोरी गाउँपालिका-४ स्थित ज्ञानज्योति माध्यमिक विद्यालय घ्याङ्डाँडामा आँखा शिविर सम्पन्न भएको छ। रिच परियोजनाको सहयोग र केडिया आँखा अस्पताल, परवानीपुरको आयोजनामा बुधवार सम्पन्न शिविरमा बालविकासदेखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरूको आँखा परीक्षण गरिएको थियो।


तस्वीर: प्रतीक

शिविरमा ३०५ जना विद्यार्थीको आँखा परीक्षण गरिएकामा १३ जना विद्यार्थीमा दृष्टिदोष देखिएको, पाँचजनालाई चश्मा लगाउनुपर्ने र चारजनामा दृष्टिसम्बन्धी समस्या भएकोले थप उपचारका लागि अस्पताल रेफर गरिएको आँखा रोग विशेषज्ञ डा आरजु सिंहले जानकारी दिइन्। बुधवार परीक्षण गर्न छुटेका विद्यार्थीलाई विद्यालयले सिफारिश गरेर पठाएमा अस्पतालमा निश्शुल्क आँखाको परीक्षण हुने उनले जानकारी दिइन्।

शिविरमा दृष्टि विशेषज्ञद्वय सिंह र सरिता गुप्ता बानियाँको टोलीले जाँच गरेको थियो। नेपाल नेत्र ज्योति सङ्घमार्फत सञ्चालित रिच परियोजनाले १८ वर्षमुनिका बालबालिकाहरूको आँखाको स्वास्थ्यका लागि काम गर्दै आइरहेको छ।

नेपालमा सन् २०१८ देखि सञ्चालित कार्यक्रमको दोस्रो चरण अन्तर्गत २०१९ डिसेम्बरदेखि २०२२ डिसेम्बरसम्म सिराहा र पर्सामा कार्यक्रम सञ्चालन हुँदैछ। सो कार्यक्रम अन्तर्गत यसअघि ठोरीका १९ वटा विद्यालयका दुई हजार ६६६ जना विद्यार्थीको आँखा परीक्षण गरेर ३१ जनालाई निश्शुल्क चश्मा वितरण गरिसकेको तथा १३ जनालाई थप उपचारका लागि अस्पताल रेफर गरिएको रिच परियोजनाका टीम लिडरसमेत रहेकी डा सिंहले बताइन्।

शिविरमा आँखा जाँच गराएका विद्यार्थीलाई परियोजनाले निश्शुल्क चश्मा वितरण गर्नुका साथै शल्यक्रिया गर्नुपर्ने अवस्थामा आर्थिक सहयोग गर्दै आइरहेको छ। परियोजनाले छ वर्षदेखि १८ वर्षसम्मका बालबालिकाहरूमा रहेको दृष्टिसम्बन्धी समस्या पता लगाइ समयमा उपचार गर्न सहयोग पुऱ्याउने र बालबालिकालाई न्यून दृष्टि वा अन्धोपनबाट बचाउनु रहेको परियोजनाले जनाएको छ।

# तीनवटा गाउँमा आठ महीनादेखि बिजुली छैन

प्रस, सेढवा, २९ असार/

पटेर्वासुगौली गाउँपालिका-३ अन्तर्गत तीनवटा गाउँका सर्वसाधारण विगत आठ महीनादेखि अन्धकारमा बस्न बाध्य छन्।


तस्वीर: फाइल

नेपाल विद्युत् प्राधिकरणले वडाको पूर्व देकुली, महेन्द्रनगर र धर्मपुर गाउँको बिजुली काटेको छ। गत वर्षको कात्तिकदेखि विद्युत् महसूलको बक्यौता नतिरेको कारण बिजुली काटिएको प्राधिकरणले जनाएको छ।

विद्युत् नहुँदा सो गाउँका बासिन्दाको जनजीवन कष्टकर भएको छ। कुटानी पिसानी गर्ने मिल चल्न नसकेको, प्रचण्ड गर्मीमा उनीहरूको जीवनयापन उकुसमुकुस भएको गुनासो गरेका छन्। मोबाइल चार्ज गर्न र टेलिभिजन हेर्न नपाउँदा सूचनाबाट यहाँका नागरिकहरू वञ्चित भएका छन्।

गाउँमा विद्युत् उपभोक्ता समितिमार्फत विद्युत् लाइन वितरण गरिएको थियो। प्राधिकरणको सबस्टेशन पोखरियाका प्रमुख जगन्नाथ साहले उपभोक्ता समितिको नाममा ३८ लाख रुपियाँ बक्यौता रहेको र तिर्न पटक-पटक परिपत्र गरे पनि नतिर्दा विद्युत् लाइन काटिएको बताए।





## पखालाबाट बचौं र बचाऔं।

पखाला लाग्न नदिन,

- खुला स्थानमा शौच नगरौं, शौचालय प्रयोग गरौं।
- शौचालय प्रयोग र फोहर छोएपछि साबुन-पानीले मिचिमिची हात धुने गरौं।
- खाना बनाउनु, खुवाउनु र खानु अघि पनि साबुन-पानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरको कोठा, आँगन, कौसी, बरन्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड